# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यमबाट तत्काल उपयोगको लागि)

२०७२ असार २७ गते

### आयोगद्वारा कारागार सुधार गर्न सरकारको ध्यानाकर्षण ।

राष्ट्रिय मानव अधिकार आयोगले कारागार सुधार गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय र कारागार व्यवस्थापन विभागलाई आयोगले आज पत्र मार्फत कैदी बन्दीका अवस्था तथा कारागार सुधार गर्न ध्यानाकर्षण गराएको हो ।

विनाशकारी भूकम्पपछि कारागारको भौतिक संरचना कमजोर रहेको र कमजोर संरचनाभित्र कैदी बन्दीहरु त्रासमा बसिरहेको आयोगको अनुगमनबाट पाइएकोले आयोगले जीर्ण र कमजोर कारागारहरुको भौतिक संरचना सुधार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत सम्बन्धित निकायलाई आग्रह गरेको हो । आयोगले केन्द्रिय कारागार, पर्सा, नवलपरासी, पाल्पा, सुनसरी म्याग्दी, सोलुखुम्वु, खोटाङ कारागार लगायतको अनुगमन गरेको थियो । आयोगको पत्रमा कैदी वन्दीहरुलाई २०६३ सालमा निर्धारण गरिएको दैनिक रकम रु. ४५ र आश्रित बालवालिकाको लागि उपलब्ध गराइँदै आएको रकम रु. १० अत्यन्तै न्यून रहेकोले महंगी समेतको मूल्यांकन गरी समयानुकुल उक्त रकम वृद्धि गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

यसैगरी आयोगले भूकम्पका कारण मृत्यु भएका कैदी वन्दीहरुका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, अधिकांश कारागार भवनहरु जीर्ण रहेकोले नयाँ कारागार भवन निर्माण गर्नुपर्ने,कैदी बन्दीहरुको बसोबासको लागि पर्याप्त स्थान उपलब्ध गराउनुपर्ने र नयाँ भवन निर्माण नभएसम्मका लागि पुरानो भवनलाई मर्मत सम्भार गर्न सरकारलाई आग्रह गरेको छ ।

कारागार कार्यालयहरुमा दरवन्दी अनुसारका कर्मचारी खटाउनुपर्ने, जिम्मेवार निकायबाट कारागारको समय समयमा अनुगमन हुनुपर्ने, ढल निकास तथा पानीको पर्याप्त व्यवस्था गर्नुपर्ने,कारागारको वातावरण सफा राख्न उचित प्रवन्ध गर्नुपर्ने, कारागारमा रहेका कैदी वन्दीहरुलाई सीपमुलक तालिम प्रदान गर्नुपर्ने, कारागारमा थुनुवा, कैदी वन्दीहरुको स्वास्थ्य परीक्षण गर्ने वातावरण मिलाउनुपर्ने, कानून बमोजिम कैद मिनाहा गर्न योग्य कैदी वन्दीहरुलाई विना भेदभाव कैद मुक्त गर्न अविलम्व कार्य प्रारम्भ गर्न पनि आयोगले सरकारलाई आग्रह गरेको छ ।

यस्तै पुर्पक्षकालागि थुनामा रहेका थुनुवाहरुको मुद्दालाई प्राथमिकतामा राखी सुनुवाई गर्नुपर्ने, नेपालका सबै कारागार कार्यालयहरुमा कैदी वन्दीहरुको फोटो सहितको अभिलेख राख्नुपर्ने, सुझाव वा उजूरी पेटीका तथा कैदी वन्दीहरुले पालना गर्नुपर्ने आचारसंहिता प्रष्ट बुझिने र देखिने स्थानमा राख्ने व्यवस्था मिलाउनुपर्ने लगायतका विषयहरु आयोद्वारा सरकारलाई पठाइएको पत्रमा उल्लेख गरिएको छ ।

वेदप्रसाद भट्टराई

का.मु. सचिव